## गुल्मीदरबार गाँउपालिका
## गाँउकार्यपालिकाको कार्यालय
### गौडाकोट, गुल्मी

दरभाउपत्र सम्बन्धि शर्तहरु :

१. उल्लेखित ठेक्काहरुको लागि दरभाउपत्र फारम छुट्टाछुट्टै पेश गर्नु पर्नेछ ।
२. दरभाउपत्र खरिद गर्न इच्छुक फर्म वा कम्पनीहरुले दरभाउपत्र खरिद गर्नको लागि ब्यबसाय, फर्म दर्ता प्रमाणपत्रको प्रतिलीपी (नविकरण सहित) आ.ब. ०७५/०७६ सम्मको करचुक्ता प्रमाणपत्रको प्रतिलीपी, स्थायी लेखा नम्वर, मु.अ.कर प्रमाणपत्रको प्रतिलिपी र नेपाली नागरीकता प्रमाणपत्रको प्रतिलिपी सहित कार्यालय समयमा सुचनाको म्याद भित्र दरभाउपत्रफाराम खरिद गर्न सकिने छ ।
३. ठेक्का अवधी ठेक्का नं. GDRMIR/०७६-७७/०१ र GDRMIR/०७६-७७/०२ को आ.व. २०७६/७७ जेष्ठ मसान्त सम्म रहनेछ । बन्द, हडताल, प्राकृतिक प्रकोप वा अन्य कुनै विशेष परिस्थितिका कारण काम सुचारु नभएको अवस्थामा कुनै पनि किसिमको क्षतिपुर्ति दावी गर्न पाइने छैन । IEE प्रतिवेदन ले निषेध गरेको अवधी तथा नदी क्षेत्रवाट सामाग्री उत्खनन गर्न पाईने छैन । तर विभिन्न स्थानमा थुपारी राखिएको मौज्दात सामाग्रि नियमानुसार बिक्रि तथा निकासी गर्न सकिने छ ।
४. कबुल अंकको थप मूल्य अभिबृद्धि कर १३% राजश्व ठेक्का लिने फर्मले सम्वन्धीत आन्तरिक राजश्व कार्यालयमा र १.५% अग्रिम आय कर कोष तथा लेखानियन्त्रक कार्यालयको राजश्व खातामा बुझाई सो को सक्कल भौचर यस कार्यालयमा पेश गर्नु पर्ने छ ।
५. धरौटी वापतको रकम यस कार्यालयको Global IME Bank गौडाकोटमा रहेको धरौटी खाता नं . C604010000004 मा नगद दाखिला गरेको सक्कल भौचर वा वोलपत्र दाखिला गर्ने अन्तिम मितिवाट (४५+३०) दिन सम्म म्याद भएको बैंक जमानत (विडवण्डको सक्कल प्रति) वोल पत्र साथ संलग्न गरी पेश गर्नु पर्ने छ ।
६. रित नपुगि आएको दरभाउपत्र उपर कुनै कारवाहि हुने छैन ।
७. उपरोक्त ठेक्काको लागि सूचना प्रकाशित भएको मितिले पन्धौं दिन (उक्त दिन सार्बजनिक बिदा परेमा सो को भोली पल्ट) सम्म कार्यालय समय भित्र वोलपत्र खरिद गरी सोह्रौं (उक्त दिन सार्बजनिक बिदा परेमा सो को भोली पल्ट) दिनको १२ वजे भित्र यस कार्यालयमा शिलवन्दी सहित वुझाउनु पर्ने छ । प्राप्त वोलपत्रहरु सोहि दिन दिनको १ वजे गाउँपालिकाको कार्यालयमा खोलिने छ ।
८. कबोल रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइने छ ।
९. कुनै किसिमको परिस्थिती देखाई ठेक्का रकम मिनाहा सम्बन्धी कुनै माग कार्यालयलाई स्वीकार्य हुने छैन ।
१०. प्रचलित ऐन, नियम, कानुन, सम्झौता र सूचनाको शर्त विपरित कार्य गरेमा जुनसुकै अवस्थामा कार्यालयले ठेक्का तोड्न सक्ने छ । र त्यसवाट कार्यालयलाई हानी नोक्सानी भएमा ठेक्का लिने पक्षवाट सरकारी बाँकि सरह असूल उपर गरिने छ ।
११. यस कार्यालयमा पेश हुन आएका दरभाउपत्र, दरभाउपत्र दाता वा निजको प्रतिनीधीको रोहवरमा खोलिने छ । तर दरभाउपत्र दाता वा निजको प्रतिनीधी सो समयमा उपस्थित नभए पनि दरभाउपत्रखोल्न बाधा पर्ने छैन ।
१२. दरभाउपत्र फाराम नियम अनुसारको राजश्व रकम तिरी गुल्मीदरबार गाउँपालिकाको कार्यालय गौडाकोटवाट खरिद गर्न सकिने छ ।
१३. ढुङ्गा, गिट्टी, वालुवा, रोडा र कवाडि जन्य वस्तु आदिको संकलन उत्खनन् तथा निकासीका सम्वन्धमा जिल्ला स्तरीय अनुगमन समिति, गुल्मीदरबार गाउँपालिकाले दिएका सुझाव तथा निर्देशनहरु ठेक्का लिने पक्षले पूर्ण रुपले पालना गर्नु पर्नेछ ।
१४. उपरोक्त अनुसार उल्लेख भएका शर्तहरुको हकमा यसै अनुसार हुने, उल्लेख नभएका विषयमा प्रचलित ऐन, कानुन तथा ठेक्का स्वीकृति पश्चात् गरिने सम्झौता अनुसार हुने छ । ठेक्कामा कुनै विवाद भएमा गुल्मीदरबार गाउँपालिकाको कार्यालयको निर्णय अन्तिम हुने छ ।
१५. दरभाउपत्रस्वीकृत गर्ने, नगर्ने वा रद्द गर्ने सम्बन्धी सम्पुर्ण अधिकार गाउँपालिकामा निहित रहने छ ।
१६. अन्य विस्तृत जानकारीको लागि यस कार्यालयको फोन नं. ९८५७०८९५२७ र ९८५७०६७९१२ मा सम्पर्क राख्न सकिने छ ।

प्रमुख प्रशासकीय अधिकृत

गुल्मी दरबार गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
गौंडाकोट, गुल्मी
५ नं. प्रदेश, नेपाल

**कबाडीजन्य वस्तुको शुल्कलिने दररेट :**

| सि.न. | विषयनाम | इकाई | दर |
|---|---|---|---|
| १. | खाली सिसी (वियर) बोतल | प्रतिगोटा | रु.५० पैसा |
| २. | खाली सीसी (मदिरा र अन्य) ५०० एम.एलभन्दामाथी | प्रतिगोटा | रु.५० पैसा |
| ३. | खाली सीसी (मदिरा र अन्य) ५०० एम.एलभन्दातल | प्रतिगोटा | रु.५० पैसा |
| ४. | प्लाष्टिक (बोतल, भाडाकुडा, पुरानाजुत्ताचप्पल, ग्यालेन र जर्किन आदि | प्रति के.जी | रु.७५ पैसा |
| ५. | खालीबोरा | | |
| | क) ५० के.जी सम्मखाद्यान्न अटने प्लाष्टिक बोरा | प्रतिगोटा | रु.५० पैसा |
| | ख) ५० के.जी सम्मखाद्यान्न अटने जुटको बोरा | प्रतिगोटा | रु.२५ पैसा |
| | ग) १०० के.जी सम्मखाद्यान्न अटने जुटको बोरा | प्रतिगोटा | रु.५० पैसा |
| ६. | तेलको टिन | | |
| | क( १० लि. भन्दा बढि अट्ने ठुलो | प्रतिगोटा | रु १।५० |
| | ख) १०लि. भन्दाकम अट्ने सानो | प्रतिगोटा | रु.७५ पैसा |

**ख) पुनप्रशोधनगरि पुनप्रयोग हुन सक्ने कबाडी समानहरु :**

| सि.न. | नाम | इकाई | दर |
|---|---|---|---|
| १. | झिण्डु ( प्राकृतिक र कृतिम उनका टुक्रा) | प्रति के.जी | रु. १।०० |
| २. | गार्मेण्टको कपडाको टुक्रा | प्रति के.जी | रु. १।५० |
| ३. | जलेको मोविल | प्रति लिटर | रु.७५ पैसा |
| ४. | जुट र कार्पेटका टुक्रा | प्रति के.जी | रु.५० पैसा |
| ५. | टायर टयूव | प्रति के.जी | रु. १।०० |
| ६. | थोत्रो टिन | प्रति के.जी | रु.५० पैसा |
| ७. | पुरानो ड्रम | प्रति के.जी | रु.५० पैसा |
| ८. | पुरानाकागज | | |
| | क) अखवार (न्युजप्रिन्ट) | प्रति के.जी | रु.५० पैसा |
| | ख) अन्यकागज (कार्टुन समेत) | प्रति के.जी | रु.७५ पैसा |
| ९. | धातुका टुक्रा हरु र पत्रु भई कामनलाग्ने भएको धातु सामानहरु | | |
| | क) फलाम | प्रति के.जी | रु. १।५० |
| | ख) अन्यधातु (पित्तल, तामा, आदी) | प्रति के.जी | रु. २।०० |
| | ग) थोत्रीएर कामनलाग्ने मेशिनरी औजार | प्रति के.जी | रु. १।५० |
| १०. | पोलिथिनपाइपका टुक्राहरु | प्रति के.जी | रु.७५ पैसा |
| ११. | सिसा (लिड) को धुलो र टुक्राहरु | प्रति के.जी | रु. ३।५० |
| | प्रचलितकानुनले निषेधित गरे बाहेको पछिहरु जस्तै कुखुरा, हास जस्ता पंछिहरुको प्वाख | प्रति के.जी | रु. १।५० |
| १२. | **हाड सिंग खुर** | | |
| | हाड | प्रति के.जी | रु. १।०० |
| | सिंग, खुर | प्रति के.जी. | रु. २।०० |
| १३. | माथिउल्लेख नभएकाअन्य कबाडी मालसमानहरु | प्रति के.जी | रु. १।०० |

..........................
प्रमुख प्रशासकीय अधिकृत
लेखबहादुर बस्नेत
प्रमुख प्रशासकीय अधिकृत